**Tribhuvan University Journal** | Vol. 41, No. 1 | pp. 215–224
Tribhuvan University • Kirtipur, Kathmandu, Nepal • ISSN 2091-0916 • Estd. 1964 | Year: 2026

Crossref OPEN ACCESS

*Original Research Article*
DOI:10.3126/tuj.v41i1.93660

# दुलारी उपन्यासमा दलित प्रतिनिधित्व

**Guru Prasad Pokharel**

Tribhuvan University, Faculty of Humanities and Social Sciences,
Padmakanya Multiple Campus, Bagbazar, Kathmandu, Nepal
*Correspondence: gurupokharel@gmail.com

**Article History**
Received: 30 April, 2026 Revised: 28 May, 2026
Accepted: 02 June, 2026 Published: 30 June, 2026

**How to Cite:**
Pokharel, G. P. (2026). Dulari upanyasma Dalit pratinidhitva. *Tribhuvan University Journal*, *41*(1), 215–224.
https://doi.org/10.3126/tuj.v41i1.93660

Scan to access

**Keywords**
Dominance, Ethnic violence, Feudal discursive formation, Oppression, Representation

**सारसङ्क्षेप**

दुलारी (२०७६) उपन्यासमा तत्कालीन सामन्तवादी कथित उच्चजातीय चिन्तन, तिनका चरित्र, संस्कार र व्यवहारको प्रतिनिधित्व गराई निरीह नेपाली दलित जातिका पीडालाई प्रस्तुत गरिएको छ । समाजका राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा व्यक्ति वा समुदायको उपस्थिति र त्यसको चित्रण नै प्रतिनिधित्व हो । पाठविश्लेषणको विधि प्रयोग गरी विश्लेषणात्मक विधिमार्फत निष्कर्ष प्रस्तुत गरिएको यस लेखमा दलित प्रतिनिधित्वका सामन्तवादी विमर्शात्मक संरचनामूलक सम्बन्ध, सामाजिक प्रभुत्व र अधीनस्थता तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ । दुलारी उपन्यासमा दलितको केकसरी प्रतिनिधित्व गराइएको छ भन्ने मूल समस्या रहेको यसमा नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी विमर्शात्मक संरचना, सामाजिक प्रभुत्व र अधीनस्थता तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनका कारण उच्चजात भनिएकाले निम्नजात भनिएकाको जायजेथा, घरबास षड्यन्त्रपूर्वक हडपेर र श्रमको शोषण गरी अत्याचार गरेका कारण जातीय सम्बन्ध शत्रुतापूर्ण बनेको देखाइएको छ । यसमा कथित उच्चजातिले प्रभुत्वशाली, अहङ्कारी र हैकमवादी अवस्थाको प्रभुत्वशाली संस्कृतिलाई बहन गरेका छन् । कथित निम्नजातिका समुदाय शोषित, दमित र उत्पीडित बनेका छन् । यस उपन्यासका पात्रहरूलाई उपेक्षित, निमुखा, शक्तिहीन र कमजोर निम्नजातीय पात्रका रूपमा पहिचान दिइएको छ । नेपाली समाजको परम्परामा रहेको जातिवादी वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचना जातीय विभेदको प्रमुख आधार बनेको र उक्त संरचनाकै कारण समाजका मानिसलाई उच्च र निम्नजातमा खण्डित गरेर विभेदको आधार निर्माण गरिएको छ । सामन्तवादी कथित सामन्तवादी उच्चजातीय शासनव्यवस्थाकै कारण उत्पादनका साधन, वितरण प्रणाली, श्रमको मूल्य निर्धारण उच्चजातको वर्चस्वभित्र पुगेको र त्यसका माध्यमबाट शोषणलाई वैधता प्रदान गरिएको कुरा चित्रण गरिएको यस उपन्यासमा कथित उच्चजातीय सामाजिक वहिष्करण तथा उपेक्षाका कारण निम्नजात सामाजिक र मानसिक रूपमा वहिष्करण र शोषणमा परेको देखाइएको छ र कथित उच्चजातले सामाजिक कार्यगत व्यवहारमा निम्नजातिका लागि मानसिक प्रताडना सिर्जना गरिएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी:** उत्पीडन, जातीय हिंसा, प्रतिनिधित्व, प्रभुत्व, सामन्तवादी विमर्शात्मक संरचना ।

**ABSTRACT**

In the novel Dulari (2076 BS), the author portrays the struggles of Nepal's Dalit community and shows how much they suffer because of old-school upper-caste attitudes in everyday life. The story uses Nepali people's everyday traditions and mindsets to show the heavy emotional toll. This creates a vivid picture of the deep-rooted inequalities within the society. This study analyses the texts to explore how the Dalit community is portrayed in the novel and how the caste system uses power and control



This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0)

to keep the Dalit community down. The so-called upper castes act arrogantly and control, while the lower caste communities face exploitation. This study highlights the feudal ideologies and caste-based oppression in the community. In the book, we see a brutal truth of upper-caste people using their power and social status to scheme against lower-caste people by taking control of their property, homes and forced labor for their own gain in the name of caste. This greed made life between the castes completely unfair and toxic. The people belonging to lower castes are shown as neglected, voiceless, powerless, and socially vulnerable. By dividing Nepali society into the traditional caste system into 'high' and 'low' groups, it unknowingly made the discrimination acceptable. Because the powerful 'upper caste rulers' controlled all the jobs, lands and money, they made this unfair treatment seem normal. They used their power to steal from the poor. In the end, this constant discrimination didn't just make the Dalit community poor; it caused them deep emotional and mental pain.

## विषयपरिचय

मुना चौधरी (२०४१) समकालीन उपन्यासकार हुन् । मिथिलाञ्चल (सिराहा) की थारु समुदायकी महिला लेखिका मुना चौधरीका जयवर्द्धन सलेहस र दुलारी गरी दुईवटा उपन्यास प्रकाशित छन् । उनको ऐतिहासिक–पौराणिक कथामा आधारित जयवर्द्धन सहलेस उपन्यासमा मिथिला क्षेत्रका सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्थाको प्रस्तुति रहेको छ भने सामाजिक विषयवस्तुमा आधारित दुलारी (२०७६) उपन्यासमा मधेसी दलित महिलाको दयनीय एवम् सोचनीय दैनन्दिन जीवनलाई केन्द्रमा राखिएको छ । आम मधेसी दलितको गाँस, बास, कपास र शिक्षादीक्षाको अभावजस्ता जर्जर अवस्थालाई उठाइएको यस उपन्यासमा मधेशको मुसहर जातिको संस्कृतिलाई जीवन्तता दिने कोसिस गरिएको छ र बिहान बेलुका हातमुख जोर्न धौ–धौ हुने अछुत परिवारकी छोरी दुलारीको जीवनकथा प्रस्तुत गरिएको छ । लेखकले भोगेकै समाज र देखेकै पात्रको प्रयोग गरिएको यस उपन्यासले तत्कालीन सामन्ती समाजले निर्माण गरेको जातीय असमानता, छुवाछुत, वञ्चितीकरण र त्यसले सिर्जना गरेको सामाजिक–सांस्कृतिक विकराल अमानवीय सम्बन्ध र अवस्थाको चित्रण गदै त्यसका विरुद्धमा सङ्घर्षरत पुस्ताको बलिदानीपूर्ण इतिहास र जातीय समतामूलक सुन्दर समाज निर्माणको चेतनालाई प्रस्तुत गरेको छ । कथित उच्चजातिबाट कथित दलित वा निम्नजातिमाथि सिर्जना गरिएका युगीन सामाजिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि क्षेत्रका विद्यमान अन्याय, अत्याचार, दमन र शोषणको चित्रण गरिएको छ । कथित उच्चजातीय सामाजिक वहिष्करण, उपेक्षा र घृणाका कारण निम्नजात सामाजिक र मानसिक रूपमा वहिष्करण, दमन र शोषणमा परेको देखाइएको यस उपन्यासमा कथित उच्चजातीय भ्रष्टाचार, अराजकता, विकृति, विसङ्गति, अमानवीय र अवसरवादी प्रवृत्तिको पनि सशक्त चित्रण गरिएको छ । यति हुँदाहुँदै पनि यस उपन्यासमा सामाजिक रूपमा वञ्चित पारिएका कथित दलितका आवाज र स्थितिलाई सतहमा ल्याउने प्रयास गरिए पनि आफ्नो दुःख र अभावलाई नै नियति ठानिरहेको दलित मुसहर समाजको चेतनालाई चिर्ने बलियो प्रयास भने भएको देखिँदैन । यहाँ दलित प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यताअन्तर्गतका सामन्तवादी विमर्शात्मक संरचनामूलक सम्बन्ध, सामाजिक प्रभुत्व र अधीनस्थता तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनका कोणबाट दुलारी उपन्यासको विश्लेषण गरिएको छ ।

स्टुअर्ट हल (सन् १९३२–२०१४) द्वारा प्रतिपादित प्रतिनिधित्वको अवधारणा सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण आधार हो । प्रतिनिधित्व समाजको संरचना कसरी निर्माण हुन्छ र त्यस संरचनामा विभिन्न व्यक्ति तथा समुदाय कसरी प्रस्तुत हुन्छन् भन्ने प्रश्नसँग सम्बन्धित हुन्छ । प्रतिनिधित्वलाई सामाजिक संरचनाको अभिव्यक्ति मानिन्छ, जहाँ लिङ्ग, वर्ग, जाति, संस्कृति, भूगोल तथा विचारधाराजस्ता तत्त्वहरू कृतिमा अर्थ निर्माणका माध्यम बन्छन् । व्यापक अर्थमा समाजका राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा व्यक्ति वा समुदायको उपस्थिति र त्यसको चित्रण नै प्रतिनिधित्व हो । साहित्यिक अध्ययनमा भने प्रतिनिधित्वको विश्लेषण पाठ, सामाजिक प्रक्रिया, विमर्श, विचारधारा र अर्थ–उत्पादनका सन्दर्भमा गरिन्छ । यसले कृतिभित्र अर्थ कसरी निर्माण हुन्छ र विभिन्न सन्दर्भमा त्यसको प्रस्तुति कसरी भएको छ भन्ने कुराको अध्ययन गर्छ । विशेषगरी साहित्यमा प्रतिनिधित्वको अध्ययनमा पछाडि पारिएका समुदाय, निम्नवर्ग, महिला, जनजाति, दलित, अल्पसङ्ख्यक समूह तथा स्थानिक–भौगोलिक पहिचानहरूको प्रस्तुति खोजिन्छ । स्टुअर्ट हलका अनुसार तत्कालीन विमर्शात्मक संरचनाले नै अर्थको उत्पादन गर्छ र त्यही अर्थले विभिन्न सामाजिक वर्ग, जाति र लिङ्गहरूको प्रतिनिधित्व निर्माण गर्छ । त्यसैले साहित्यमा प्रतिनिधित्व चित्रणको विषयमात्र नभई सामाजिक अर्थ–निर्माणको प्रक्रिया हो, जसले शक्ति, विचारधारा र पहिचानसँग सम्बन्धित संरचनाहरूलाई पनि उजागर गर्छ । फुकोका अनुसार सामन्तवादी विमर्शात्मक संरचना भनेको सामन्तवादी समाजमा ज्ञान, भाषा, विचार, शक्ति र अर्थ उत्पादन एक विशेष वर्गीय–सत्तात्मक ढाँचाभित्र कसरी सङ्गठित हुन्छ भन्ने नै हो । उनले विमर्श ज्ञान उत्पादन गर्ने प्रणाली हो, जसले सत्य र अर्थ निर्माण गर्छ र शक्ति सम्बन्धसँग गहिरो रूपमा जोडिएको हुन्छ भनेका छन् । जातीय छुवाछुत र वहिष्करणले प्रायः भारतीय उपमहाद्वीपको अस्पृश्य दलित समुदायप्रतिको कथित उच्चजातीय व्यवहारलाई जनाउँछ । छुवाछुत र वहिष्करण भनेको जात, धर्म, पेसा, क्षेत्र, लिङ्ग, अपाङ्गता, शारीरिक प्रणाली आदिका आधारमा गरिने मानवीय भेदभाव हो । जातीय विभेद र छुवाछुतको कुरा शासकसँग पनि जोडिएको छ । शासकहरूले राज्यव्यवस्थालाई आफ्नो अनुकूल वा सामन्ती हैकम चलाएर शासन गर्नका लागि कथित जातीय विभाजन गरेका हुन् । जातअनुसारको पेसा गर्न लगाएर समाजमा आर्थिक प्रभुत्व राख्न कथित उच्च जातबाट गरिएको यो प्रचलन अहिलेको विश्व बजारीकरण र पुँजीवादको विकाससँगै सबैतिर समाप्त हुनु पर्नेमा नेपाल र भारतमा आश्चर्यजनक ढङ्गले विद्यमान छ । हाल पनि उच्चजात भनिएकाबाट निम्नजात भनिएका दलितप्रति अपमान, शोषण र दमनमा कुनै पनि कमी आएको देखिँदैन । जातीय प्रतिनिधित्वले कुनै पनि कृतिभित्र कुन जातलाई केन्द्रमा र कुन जातलाई सीमान्तमा राखेको छ र भाषा, समय तथा भूगोलले कहिले, कहाँ र कुन जातको कसरी प्रतिनिधित्व गरेको छ भन्ने खोजी गर्छ ।

दलित प्रतिनिधित्वको दृष्टिकोणमा केन्द्रित भई हालसम्म मुना चौधरीको दुलारी उपन्यासको विश्लेषण गरिएको पाइँदैन । यसभन्दा अगि केही अध्येताले यस उपन्यासबारे पत्रपत्रिकामा सामान्य परिचय मात्र प्रस्तुत गरेको पाइन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत दलित प्रतिनिधित्वको अवधारणालाई आधार बनाएर यस उपन्यासमा निहित नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी विमर्शात्मक संरचना, सामाजिक प्रभुत्व र अधीनस्थता र जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनको खोजी भएको देखिँदैन । दलित प्रतिनिधित्वसम्बन्धी सिद्धान्तअनुसार यस उपन्यासको अध्ययन नहुनु एउटा खड्कँदो पक्षका रूपमा रहेको छ । त्यसकारण

तत्कालीन नेपाली समाजमा विद्यमान कथित उच्चजातीय वर्चस्व र त्यसबाट आक्रान्त भएका निम्नजातिका भनिएका दलितको निरीह र उत्पीडित अवस्थाको वस्तुगत विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको प्रस्तुत अध्ययन अनुसन्धानका दृष्टिले औचित्यपूर्ण रहेको छ । दुलारी उपन्यासमा दलितको प्रतिनिधित्व केकसरी गराइएको छ भन्ने समस्यालाई विश्लेषण गरी उक्त उपन्यासमा निहित दलितको प्रतिनिधित्वको अवस्था विश्लेषण गरी निष्कर्षमा पुगिने भएकाले यस अध्ययनको प्राज्ञिक महत्त्व पुष्टि हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये चौधरीको दुलारी उपन्यास प्राथमिक स्रोतको सामग्रीका रूपमा र दलित प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने प्रतिनिधित्वसम्बन्धी स्टुआर्ट हल र फुकोका अवधारणाहरू हुन् । हिन्दु वर्णव्यवस्था र जातप्रथामा टेकेर कथित उच्चजातले दलित समुदायलाई छुवाछुतजस्तो अमानवीय र निकृष्ट प्रथा मात्रै लादेन, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकसहित जीवनका सबै क्षेत्रबाट पूर्ण रूपमा वञ्चित पनि पारेको छ । दलित प्रतिनिधित्वअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि सक्ता, शक्ति वा विचारधाराका माध्यमबाट शक्तिशाली उत्पीडनकारी सामन्ती कथित उच्चजातीय सत्ताले निम्नवर्ग र निम्नजातका निरीह दलितमाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यहाँ दलित प्रतिनिधित्वअन्तर्गत सामाजिक, राजनीतिक, समानुपातिक, अर्थ, नीतिनिर्माण, उत्पीडन, अपहेलनाजस्ता विभिन्न सैद्धान्तिक अवधारणामध्ये सामन्तवादी विमर्शात्मक संरचनामूलक सम्बन्ध, सामाजिक प्रभुत्व र अधीनस्थता तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ ।

## सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा

स्टुअर्ट हल (सन् १९३२–२०१४) द्वारा विकसित प्रतिनिधित्वसम्बन्धी अवधारणा सांस्कृतिक अध्ययनको आधारभूत सिद्धान्तमध्ये एक हो । उनले च्भउचभकभलतबतष्यल स् अगतिगचब िचभउचभकभलतबतष्यलक बलम कष्नलषथथष्लन उचबअतष्अभक (सन् १९९७) नामक पुस्तकमा प्रतिनिधित्वलाई अर्थ निर्माणसँग जोडेर व्याख्या गरेका छन् । यसअनुसार कुनै वस्तु, व्यक्ति वा घटनाको चित्रण, व्याख्या वा मनमा त्यसको सादृश्य निर्माण गर्नु नै प्रतिनिधित्व हो (हल, सन् १९९७, पृ. १५) । यस प्रक्रियामा भाषा, प्रतीक र बिम्बका माध्यमबाट अर्थको उत्पादन हुन्छ र सामाजिक चेतनामा वस्तुको प्रतिरूप स्थापित हुन्छ । हलका अनुसार प्रतिनिधित्व केवल चित्रण होइन, बरु प्रतीकात्मक प्रतिस्थापन र अर्थ निर्माणको प्रक्रिया हो, जसले वास्तविक वा काल्पनिक दुवै संसारलाई अर्थ दिन्छ । हलले प्रतिनिधित्वलाई संस्कृतिको केन्द्रमा राख्दै संस्कृति भनेको साझा अर्थप्रणाली भएको बताएका छन्, जहाँ भाषा मुख्य माध्यम हो । भाषा केवल सञ्चारको साधन नभई सामाजिक विचार, भावना र अनुभवलाई अर्थमा रूपान्तरण गर्ने संरचना हो । उनका अनुसार भाषा र सङ्केतहरूको प्रयोगद्वारा मानिसहरूले आफ्ना विचार र अनुभव साझा गर्छन्, जसले सांस्कृतिक अर्थ निर्माण गर्छ (हल, सन् १९९७, पृ. १–२) । यस अर्थमा चित्रकला, सङ्गीत वा मिडिया सबै प्रतिनिधित्वका रूप हुन्, जसले समाजमा अर्थ उत्पादन र प्रसारण गर्छन् (हल, सन् १९९७, पृ. ५) । उनले अर्थ निर्माणलाई केवल भाषिक संरचनामा सीमित नराखी सामाजिक अभ्यास र शक्ति सम्बन्धसँग पनि जोडेका छन् । फुकोको विमर्शात्मक अवधारणसँग सहमत हुँदै हलले अर्थ निर्माणलाई विमर्शात्मक प्रक्रिया भनेका छन्, जहाँ मिडिया र संस्थाहरूले कोडिङ र डिकोडिङमार्फत अर्थ उत्पादन गर्छन् (हल, सन् १९९७, पृ. ४४–४६) । यस प्रक्रियामा प्रभावशाली, वार्तामूलक र प्रतिरोधात्मक अर्थ निर्माण हुन सक्छ, जसले दर्शक वा पाठकलाई विभिन्न तरिकाले अर्थ ग्रहण गर्न सक्षम बनाउँछ । फुकोका दृष्टिमा ज्ञान र शक्ति आपसमा अन्तर्सम्बन्धित छन् र विमर्शले नै सत्यको निर्माण गर्छ (फुको, सन् १९८०, पृ. २७) । हलले यही विचारलाई प्रयोग गर्दै प्रतिनिधित्वलाई शक्तिसम्बन्धसँग जोडेर व्याख्या गरेका छन् । उनका अनुसार कुनै पनि अर्थ सार्वभौमिक नभई ऐतिहासिक र सामाजिक सन्दर्भअनुसार निर्माण हुन्छ, जसले समयअनुसार ज्ञान र अर्थ परिवर्तनशील हुने देखाउँछ (हल, सन् १९९७, पृ. ४६) । समग्रमा स्टुअर्ट हलको प्रतिनिधित्वसम्बन्धी सिद्धान्तले भाषा, संस्कृति, शक्ति र ज्ञानबीचको सम्बन्धलाई जोड्दै अर्थ निर्माणलाई सामाजिक तथा ऐतिहासिक प्रक्रिया हो भन्ने निष्कर्ष दिएको छ । यसले साहित्य र संस्कृतिमा वर्ग, जाति, लिङ्ग तथा अन्य सामाजिक समूहको प्रतिनिधित्व कसरी हुन्छ भन्ने कुराको विश्लेषणका लागि महत्त्वपूर्ण सैद्धान्तिक आधार प्रदान गरेको छ ।

दलित शब्दले दमन गरिएको, थिचिएको वा कुल्चिएको अवस्था जनाउने भए पनि सामाजिक–वैज्ञानिक सन्दर्भमा यसले समाजमा हक, सम्मान र प्रतिष्ठाबाट वञ्चित वा संरचनागत असमानताका कारण पछाडि पारिएको वर्गलाई जनाउँछ । वर्तमान समयमा हिन्दु वर्णव्यवस्थाअन्तर्गत अछुत मानिएका जातिसँग जोडेर दलित शब्द प्रयोग हुने गरेको छ । व्यापक अर्थमा दलितले सम्पूर्ण शोषित जातिलाई समेटेको पाइन्छ । नेपालको सन्दर्भमा दलित शब्द जातीय छुवाछुत र विभेदविरुद्धको पहिचान तथा समतामूलक समाज निर्माणका लागि सञ्चालित सङ्घर्षसँग जोडिएको छ । (भट्टराई, २०६२, पृ. ८१) । सामन्तवादकै आधारभूमिमा उभिएर निर्माण गरिएको जातिवादी विमर्शात्मक संरचनाका कारण निम्नजातका मानिसहरूमाथि उच्चजातका मानिसको विभेद, दमन र शोषणले दिलत जातिलाई अधीनस्थ अवस्थामा पुऱ्याएको हुनाले त्यसबाट मुक्तिका लागि जातीय एकता र जागरण आवश्यक रहेको देखिन्छ । दलित प्रतिनिधित्व अछुत जाति, मजदुर, भूमिहीन किसान तथा समग्र उत्पीडित समुदायको पीडा, अनुभव र मुक्तिचेतनालाई अभिव्यक्त गर्ने अवधारणा हो (भट्टराई, २०७७, पृ. १७) । यसमा दलित लेखक तथा गैरदलित लेखक दुवैको योगदान रहेको हुन्छ । नेपाली समाज बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक संरचनायुक्त भए पनि यहाँ जातीय विभेद, कथित उच्चजातीय अहङ्कार तथा सामाजिक शोषण विद्यमान छन् । विशेषतः दलित समुदाय, र त्यसमा पनि दलित महिलाहरू बहुआयामिक शोषणको सिकार भएका छन् । यस प्रकारको संरचनात्मक विभेदले भाषिक र सांस्कृतिक असमानतासमेत सिर्जना गरेको देखिन्छ । दलित प्रतिनिधित्वमा सामन्तवादी विमर्शात्मक संरचना, सामाजिक प्रभुत्व र अधीनस्थता तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडन मुख्य रूपमा देखा पर्छन् । जातीय आधारमा उच्च श्रेणीमा वर्गीकृत समूहहरूले सामाजिक प्रतिष्ठा, अवसर तथा स्रोतहरूमाथि प्रभुत्व कायम गरेको तथ्य देखिन्छ (आचार्य, २०६३, पृ. ३२५) । जातीय अन्तःसम्बन्ध सामाजिक संरचना, सांस्कृतिक व्यवहार तथा शक्ति–सन्तुलनसँग प्रत्यक्ष रूपमा सम्बद्ध हुन्छन् । समाजमा व्यक्तिको आवास, खानपान, परिधान, शिक्षा, भाषा तथा भौगोलिक अवस्थाका आधारमा सामाजिक स्तर निर्धारण हुने गरेको पाइन्छ (पौड्याल, २०७६, पृ. ४८) । समाजमा छुवाछुत प्रथाले दलित समुदायलाई आर्थिक, शैक्षिक तथा सामाजिक अवसरहरूबाट व्यवस्थित रूपमा वञ्चित गऱ्यो, जसका कारण समाज गहिरो रूपमा विभाजित हुन पुग्यो (आहुति, २०६७, पृ. ६६) । यस प्रक्रियाले श्रमको मूल्यभन्दा जातीय पहिचानलाई प्राथमिकता दिने प्रवृत्ति

विकास गऱ्यो, जसले सामाजिक सम्मान र अपमानको मापदण्ड नै जातीय श्रेणीकरणमा आधारित बनाएको छ (रोय, २०७८, पृ. १७) । यसरी जातीय वर्गीकरणमा आधारित सामाजिक व्यवस्थाभित्र सबै जातिहरूबीच समान आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था विद्यमान हुँदैन ।

सामन्तवादी विमर्शात्मक संरचनासम्बन्धी अवधारणा फुकोको विमर्श, शक्ति र ज्ञान तथा इतिहासमा ज्ञान निर्माण र स्टुअर्ट हलको प्रतिनिधित्वसम्बन्धी सिद्धान्तबाट विकसित गरी सांस्कृतिक अध्ययनमा प्रयोग गरिएको देखिन्छ । सामन्तवादी विमर्शात्मक संरचना भनेको सामन्तवादी समाजमा ज्ञान, भाषा, विचार, शक्ति र अर्थ उत्पादन एक विशेष वर्गीय–सत्तात्मक ढाँचाभित्र कसरी सङ्गठित हुन्छ भन्ने नै हो । फुकोका अनुसार विमर्श ज्ञान उत्पादन गर्ने प्रणाली हो, जसले सत्य र अर्थ निर्माण गर्छ र शक्तिसम्बन्धसँग गहिरो रूपमा जोडिएको हुन्छ (फुको, सन् १९७७, पृ. २७–२८) । यहाँ ऊनले शक्ति र ज्ञान अलग हुँदैन र शक्ति केन्द्रबाट मात्र होइन, समाजका सबै तहमा फैलिएको हुन्छ भन्ने धारणा राखेका छन् । उनका अनुसार विमर्श कुनै निश्चित कालखण्डको ज्ञान–संरचना हो (फुको, सन् १९८०, पृ. ९८–१०२) । यसरी सामन्तवादी विमर्श भएको समाजमा ज्ञान माथिल्लो सत्ताबाट उत्पादन हुन्छ । हलले अर्थ उत्पादन विमर्शात्मक प्रक्रिया हो र मिडिया–संस्कृतिले कोडिङ–डिकोडिङमार्फत अर्थ बनाउँछ भनेका छन् (हल, सन् १९९७, पृ.२२–२४) । उनका अनुसार अर्थ साझा धारणाबाट निर्माण हुन्छ, जुन समाजले सिकेको संरचना हो । उनले सामन्तवादी समाजले निश्चित विमर्शात्मक संरचनाभित्र काम गर्छ भनेका छन् । बार्करले साहित्य र विचारधारा सत्तात्मक संरचनासँग जोडिएको हुन्छ भन्दै विमर्शले ज्ञान र सामाजिक अभ्यासलाई एउटै संरचनामा बाँध्छ भन्ने धारणा राखेका छन् (बार्कर, सन् २०००, पृ. ७५–७७) । यसरी सामन्तवादी विमर्शात्मक संरचना फुकोको शक्ति–ज्ञान सम्बन्ध र हलको अर्थ–उत्पादनको विमर्शात्मक सिद्धान्तका आधारमा विकसित अवधारणा हो । यस मान्यताले सामन्तवादी समाजमा अर्थ, सत्य र प्रतिनिधित्व उपल्लो सत्ताद्वारा निर्देशित हुने संरचनालाई जनाउँछ ।

सामाजिक प्रभुत्व र अधीनस्थता भनेको समाजमा शक्ति, स्रोत, अवसर र अर्थ–निर्माणमा कसले नियन्त्रण गर्छ र कसले त्यसको अधीनमा बस्नुपर्छ भन्ने संरचनात्मक सम्बन्ध हो । यस्तो सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र विमर्शात्मक रूपमा निर्माण भएको हुन्छ । सामाजिक प्रभुत्वले कुनै वर्ग, लिङ्ग, जाति वा समूहले समाजका प्रमुख संरचना राजनीति, अर्थतन्त्र, शिक्षा, संस्कृति र भाषामाथि नियन्त्रण कायम गर्छ । स्टुअर्ट हलका अनुसार प्रतिनिधित्व सधैँ शक्ति–सम्बन्धसँग जोडिएको हुन्छ र यसले अर्थ उत्पादनमा पनि प्रभुत्वशाली समूहलाई अग्रस्थान दिन्छ (हल, सन् १९९७, पृ. ४५–४६) । यसरी समाजमा प्रभुत्वशाली समूहले आफ्ना मूल्य, विचार र दृष्टिकोण कमजोरमाथि थोपर्छ । फुकोको दृष्टिमा शक्ति वा प्रभुत्व कमजोर वर्गको नियन्त्रण होइन, यो अर्थ उत्पादनको अधिकार पनि हो (फुको, सन् १९८०, पृ. ९८–१०२) । अधीनस्थता भन्नाले ती समूहहरूको स्थिति हो जसले शक्ति संरचनामा कम पहुँच राख्छन् र प्रभुत्वशाली समूहको नियम, मूल्य र विमर्शलाई स्वीकार गर्न बाध्य हुन्छन् । यसमा प्रभुत्वशाली वर्ग नायक, राजा, उच्चवर्गीय पात्रले अधीनस्थ समूह मजदुर, महिला, दलित, ग्रामीण पात्रमाथि वर्चस्व राख्छन् । प्रभुत्वशाली समूहले विमर्शमार्फत सत्य निर्माण गर्छ र अधीनस्थ समूहले कहिलेकाहीँ त्यो अर्थ स्वीकार गर्छ र कहिलेकाहीँ प्रतिरोध पनि गर्छ । यसरी सामाजिक प्रभुत्व र अधीनस्थता कुनै प्राकृतिक अवस्था होइन, यो भाषा, संस्कृति, विमर्श र शक्तिको आपसी सम्बन्धबाट निर्माण भएको ऐतिहासिक संरचना हो । यसप्रकार प्रभुत्वशाली समूहले अर्थ र ज्ञान निर्माण गर्छ भने अधीनस्थ समूह त्यस संरचनाभित्र सीमित हुन पुग्छ ।

हिन्दु धर्ममा आधारित वर्णव्यवस्था र जातप्रथामा टेकेर राज्यले दलित समुदायलाई छुवाछुतजस्तो अमानवीय र निकृष्ट प्रथा मात्रै लादेन, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकसहित जीवनका सबै क्षेत्रबाट पूर्ण रूपमा वञ्चित पनि पारेको छ । जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनले कुनै पनि समाजमा जातलाई जन्मसिद्ध, श्रेणीबद्ध र पवित्र–अपवित्रजस्ता मान्यताका आधारमा संरक्षित गरी केही जातलाई माथिल्लो अधिकार र केही जातलाई संरचनागत रूपमा नै वञ्चित गर्ने कार्य गर्छ । यो ऐतिहासिक रूपमा निर्मित सामाजिक,आर्थिक, सांस्कृतिक र विमर्शात्मक संरचना हो (फुको, सन् १९८०, पृ. ९८) । यो श्रेणीबद्ध सामाजिक संरचना हो र यसमा केही जातलाई उच्च र शुद्ध मानिन्छ भने केहीलाई तल्लो र अछुत भनेर बहिष्कृत गरिन्छ । ऐतिहासिक रूपमा निर्मित विचारधारात्मक प्रणाली मानिने यसमा काम, पेसा, शिक्षा, सम्पत्ति र सामाजिक सम्मानलाई जन्मकै आधारमा बाँडिन्छ । जातीय व्यवस्थामा शोषण भनेको श्रम, स्रोत र अवसरको असमान वितरण हो । उसले श्रमको मूल्य पाउँदैन तर उत्पादनको लाभ भने माथिल्लो जात वा प्रभुत्वशाली वर्गले लिन्छ । उत्पीडन भनेको केवल आर्थिक शोषण मात्र होइन, सामाजिक–सांस्कृतिक बहिष्कार पनि हो । जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडन जन्मसिद्ध श्रेणीकरण, आर्थिक असमानता र सांस्कृतिक बहिष्कारमा आधारित संरचनागत प्रणाली हो (हल, सन् १९९७, पृ. ७२) । यो केवल सामाजिक व्यवहार नभई ऐतिहासिक रूपमा निर्मित विमर्शात्मक शक्ति संरचना हो । जातीय विभेदका कारण दलित समुदाय अझै पनि बहुआयामिक शोषण, दमन र उत्पीडनको केन्द्रमा छन् । यस अवस्थाले उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक अधिकारहरूको उपभोगमा अवरोध सिर्जना गर्नुका साथै सामाजिक पहिचान र प्रतिनिधित्वसमेत सीमित बनाएको देखिन्छ ।

## विमर्श र नतिजा

प्रस्तुत लेखमा दलित भनिएकाहरूलाई सामन्ती उच्चजातीय सत्ताको आडमा अधीनस्थ बनाई सामाजिक रूपमा प्रतिनिधित्व नगराइएको विषयलाई प्रस्तुत गरिएको छ । चौधरीको दुलारी उपन्यासमा नेपाली समाजमा उच्च भनिएका र निम्न भनिएका जातिमा विभेद, असमानता र अस्तित्वको समस्या आजसम्म कायमै छ र विभिन्न बहानामा कथित निम्नजातलाई अधीनस्थ बनाई कथित उच्चजातले शासन र शोषण गरिरहेको छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यस उपन्यासमा सामन्तवादी सामाजिक संरचनामा कथित दलित सचेत हुँदाहुँदै पनि सामन्तवादी उच्चजातीय चिन्तन हावी भएको, दलित भनिएकाहरू सामाजिक हिंसामा पर्नुपरेको, समाजमा तल्लो जाति भनिएकाको कुनै स्वतन्त्र अस्तित्व नभएको, समाज र सामाजिक संरचना न्यायपूर्ण बन्न नसकेकाका कारण तल्लो जातिका मानिस थप अत्याचार, विभेद र उत्पीडनमा पर्ने गरेको तथा सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपमा प्रतिनिधित्व नभएको तथ्य प्रस्तुत छ । वर्तमान सामन्तवादी उच्चजातीय सत्ता र प्रभुत्व कायम भएको सामाजिक संरचनामा कथित दलितले विभिन्न कठिनाइ र दुःखपीडा भोगिरहे पनि आफ्नो अस्तित्वरक्षाका लागि दलित भनिएका निम्नजाति आफैँले विद्रोह गर्नुपर्ने विचार यसमा प्रस्तुत छ । यसरी यस लेखमा तत्कालीन र समकालीन विमर्शात्मक संरचनायुक्त सामन्ती समाजमा कुनै पनि शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ उत्पीडित दलित समुदायको प्रतिनिधित्वको अवस्था केलाइएको छ ।

### दुलारी उपन्यासमा दलित प्रतिनिधित्वका मूल स्वरूप

प्रस्तुत लेखमा दुलारी उपन्यासमा दलित प्रतिनिधित्व शीर्षकअन्तर्गत कथित उच्चजातद्वारा स्थापित तत्कालीन र समकालीन सामन्तवादी विमर्शात्मक संरचनामा निहित जातीय प्रतिनिधित्वलाई सामन्तवादी विमर्शात्मक संरचनामूलक सम्बन्ध, सामाजिक प्रभुत्व र अधीनस्थता

तथा जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडनसम्बन्धी उपशीर्षकमा रहेर विश्लेषण गरिएको छ ।

## सामन्तवादी विमर्शात्मक संरचनामूलक सम्बन्ध

नेपालमा प्रचलित तत्कालीन सामन्तवादी समाजमा उच्चवर्ग र उच्चजातबाट निम्नजात र निम्नवर्गका मानिसहरू जीवनका सबै पक्षबाट तिरष्कृत, उपेक्षित, अपमानित र शोषित भएको अवस्था विद्यमान रहेको देखिन्छ । उच्चजातले निम्नजातमाथि प्रभुत्व र अधीनस्थता कायम गरी आफ्नो स्वार्थपूर्ति गर्नु सामन्ती समाजको तत्कालीन विमर्श बनेको देखिन्छ (पोखरेल, २०८०, पृ. १११) । दुलारी उपन्यासले लेखकको आत्मअनुभूत स्थानीय सामाजिक यथार्थलाई स्मृतिपरक संवेदनासहित पुनर्संरचना गरेको देखिन्छ । यस उपन्यासमा लेखकले आफू जन्मेको, हुर्किएको र प्रत्यक्ष रूपमा अवलोकन तथा अनुभूत गरेको सामाजिक परिवेशलाई कुनै कृत्रिम अलङ्करणबिना जीवन्त ढङ्गले प्रस्तुत गरेकी छन् । यस उपन्यासमा विशेषतः मुसहर समुदायको भूमिसँगको अन्तरङ्ग सम्बन्ध, कृषिश्रममा उनीहरूको अविरल संलग्नता तथा प्राकृतिक परिवेशसँगको सहअस्तित्वलाई सूक्ष्म यथार्थबोधका साथ चित्रित गरिएको छ । त्यसैगरी यस उपन्यासमा सीमित मात्रामा भए पनि निम्नजातीय डुम समुदायको दैन्य, गरिबी र अस्तित्वको सङ्घर्षलाई समेत समेटेर सीमान्तकृत वर्गहरूको बहुआयामिक पीडालाई उजागर गरिएको छ । यस उपन्यासमा प्रस्तुत गरिएको मुसहर बस्तीको जीवनचित्रले तीव्र गर्मीका बीच दिनभर निरन्तर श्रम गर्न बाध्य गरिब श्रमिकहरूको कठोर यथाथर्माथि प्रश्न उठाएको छ । लेखक स्वयम्ले अनुभव गरेका पात्र र परिवेशको प्रयोगले यसको कथालाई कृत्रिमताविहीन बनाएको छ, जसका कारण पाठक पनि सहज रूपमा कथाभूमिमा प्रवेश गरी सिरहाका मुसहर बस्तीको जीवनयात्रासँग आत्मसात् हुन पुग्छन् । नेपालको तराई जस्तो उर्वर भूभाग, जसलाई अन्नको भण्डारका रूपमा चिनिन्छ, त्यहीँ भोक र आश्रयविहीनताको चरम अवस्था भोगिरहेका दुलारीहरू गिरहत (साहु) का घरमा दिनरात श्रम गर्न बाध्य छन् । यहाँ श्रमको प्रतिफलस्वरूप समेत उनीहरूले न्यूनतम जीविकोपार्जन गर्न नसक्ने अवस्था देखाइएको छ । यहाँ पेटभरि भोजनको अभावले उनीहरू आधा रातमा उठेर नुनपानी सेवन गर्न वा कुहिएको पीठोबाट किरा छानेर पानीमा घोली भोक टार्न बाध्य बनेका छन् । दुलारी परिवारको यस्तो अवस्थाले केवल आर्थिक अभाव मात्र नभई मानवीय गरिमाको गहिरो ह्रासलाई पनि सङ्केत गरेको देखिन्छ । यहाँ यी गरिब आफ्नो अस्तित्वको अर्थसमेत नबुझी मौनतामै जीवन समाप्त गर्न विवश देखिन्छन् र उनीहरू आवाजविहीन सामाजिक संरचनाका प्रतिनिधि बनेका छन् । यस उपन्यासले तत्कालीन नेपाली समाजको सामन्ती संरचनालाई उद्घाटित गरेको छ । यस उपन्यासमा प्रस्तुत जातीय अन्तःसम्बन्ध असन्तुलित र शक्ति–केन्द्रित रहेको छ । यहाँ प्रस्तुत समाज उच्च र निम्नजातको कठोर विभाजनमा संरचित छ र त्यो विभेदको संस्थागत स्वरूप विकसित भएको देखिन्छ । यस उपन्यासमा कथित उच्चजातीय वर्गले आफ्नो प्रभुत्वलाई दम्भ र अहङ्कारसँग जोड्दै उत्पादनका साधन, श्रमको नियन्त्रण र वितरण प्रणालीमाथि एकाधिकार स्थापित गरेको छ । यस प्रकारको संरचनाले निम्नजातीय समुदायमाथि निरन्तर शोषण र दमनको चक्र चलाइरहेको छ । अतः दुलारी उपन्यासमा चित्रित जातीय असमानता र शक्ति–सन्तुलनको विचलनले निम्नवर्गीय पात्रहरूको जीवनलाई अधीनस्थ र परनिर्भर बनाएको स्पष्ट हुन्छ । यस उपन्यासमा मुसहर बस्तीका गरिब पात्रहरू उक्त असन्तुलित सामाजिक संरचनाका प्रत्यक्ष भुक्तभोगीका रूपमा प्रस्तुत भएका छन् । यहाँ उनीहरूको अस्तित्व सङ्घर्ष, मौन पीडा र संरचनागत विभेदको जटिल अन्तर्सम्बन्धलाई गहन रूपमा उद्घाटन गरिएको छ । यहाँ अन्नदाता गिरहत पुत्र चन्द्रुले निम्नजातीय दुलारीलाई अपमान र हिंसा गरेको छ । यस कुरालाई यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> माई काम गर्न व्यस्त थिइन् । म पराल हातमा बेर्दै चुराजस्तो गोलो बनाइरहेकी थिएँ । आँगनबाट निस्केर ऊ बायाँ हातले मुखमा खानेकुरा हाल्दै गाडी गुडाउँदै आइरहेको थियो । ऊ मेरो छेउमा आयो । मलाई एक्लै देखेर एकान्तको मौका छोपी उसले लात हान्यो र भन्यो, मुसहरनी, जो आपन घर । (मुसहरनी, आफ्नो घर जा)
>
> ऊ मैरै उमेरको थियो । उसको लात सहन नसकेर मैले माईलाई भनेँ, 'माई देख न चन्द्रु मारल कै हमरा ।' (माई हेर न चन्द्रुले मलाई पिट्यो ।)
>
> मेरो कुरा सुनेर माईले धान केलाउँदै भनिन्, चन्द्रु नै मारै दुलारीके । (चन्द्रु नकुट् दुलारीलाई ।) चन्द्रुले माईको कुरा नसुनेझैँ गयो । एउटा कानले सुन्यो, अर्को कानले उडायो । माई खलियानमै धान निफन्न व्यस्त भइन् । त्यही मौका छोपी उसले मलाई फेरि लात्ती हान्यो । मेरो कपाल दुइटै हातले जगल्ट्याएर तिरिमिरी झ्याइँ पायो । म रुन थालेँ । मेरो अनुहारमा थुकेर भाग्यो ।
>
> म रोएको सुनेर गिरहतनी आँगनबाट र माई धान निफन्न छोडेर कुद्दै आए । माईले मेरो आँसु पुछिदिइन् । त्यतिखेरसम्म चन्द्रु आँगनतिर गइरहेको थियो । म रोएको देखेर गिरहतनीले चन्द्रुलाई भनिन्, केहेन छौरा छै ? कथिले मारलिहि रौ दुलारी के ? (कस्तो केटो छ ? किन कुटिस्, दुलारीलाई ?) चन्द्रुतिर रिसाएको मुद्रामा हेरिन् ।
>
> बिल्टौन के फाइलर जम्मा कथिले लगाई ने छै मुसहरनी ? (बिल्टौनको फ्रक र कमिज किन लगाएकी छे, मुसहरनीले ?) चन्द्रु आँगनभित्र छिर्दै भन्यो । (पृ. ७८)

उल्लिखित उद्धृतांशले तत्कालीन नेपाली समाजमा वर्णव्यवस्थाले निर्देशित सामाजिक संरचनाको कठोर यथार्थलाई उजागर गरेको छ । यहाँ निम्नजातीय नारी पात्र दुलारीमाथि घटित घटना केवल व्यक्तिगत ईर्ष्या वा द्वन्द्वको अभिव्यक्ति नभई त्यस समाजमा गहिरो रूपमा जरा गाडेको जातीय प्रभुत्व र शक्ति–सम्बन्धको सङ्केतका रूपमा प्रस्तुत भएको छ । यहाँ निम्नजातीय पृष्ठभूमिकै कारण दुलारीले सामान्य रूपमा राम्रो लुगा बिल्टौनको फ्रक र कमिज लगाउनु नै उच्चजातीय मानसिकताका लागि अस्वीकार्य बन्न पुगेको छ र त्यसले गिरहत पुत्र चन्द्रुको हिंसात्मक प्रतिक्रियालाई जन्म दिएको छ । यस घटनाले तत्कालीन सामाजिक संरचनाभित्र अन्तर्निहित असमानता र वर्चस्वको मनोविज्ञानलाई प्रत्यक्ष रूपमा उद्घाटन गरेको छ । यस सन्दर्भमा निम्नवर्गीय तथा निम्नजातीय समुदायका लागि आधारभूत आवश्यकताहरू भोजन, वस्त्र, र सम्मानजनक जीवनयापनसमेत स्वतन्त्र रूपमा उपभोग गर्न नपाइने अवस्था देखाइएको छ । उनीहरूको जीवनशैली, व्यवहार र आकाङ्क्षासमेत कथित उच्चजातीय वर्गको स्वीकृतिमा निर्भर रहनुपर्ने बाध्यता यहाँ प्रतिविम्बित भएको छ । यसले समकालीन उच्चजातीय विमर्शमा अन्तर्निहित नियन्त्रण, वर्चस्व र सामाजिक अनुशासनको यथार्थलाई प्रकट गरेको छ । दुलारीको समुदायमा अधिकार र अवसरहरू असमान रूपमा वितरण गरिएका छन् । प्रस्तुत अंशले सामन्ती संरचनाले कसरी जातीय विभेदलाई संस्थागत गर्दै निम्नजातीय समुदायलाई सधैँ अधीनस्थ अवस्थामै राख्ने काम गरेको छ भन्ने कुरालाई सशक्त रूपमा अझिव्यक्त गरेको छ । यस्तो सामाजिक व्यवस्थामा निम्नजातीय व्यक्तिहरूलाई स्वतन्त्र पहिचान निर्माण गर्ने वा समाजमा सुरक्षित र सम्मानजनक स्थान हासिल गर्ने अवसरबाट वञ्चित गरिन्छ । उनीहरूलाई मुख्यतः श्रम–केन्द्रित प्रयोगयोग्य अस्तित्वका रूपमा सीमित गरिन्छ, जसले मानवीय गरिमा, समानता र सामाजिक न्यायका आधारभूत मूल्यहरूलाई नै चुनौती दिएको छ ।

दुलारी उपन्यासले मुख्य पात्र दुलारीको जन्मदेखि युवावस्थासम्मको जीवनयात्रालाई केन्द्रीय आख्यानका रूपमा अगाडि सार्दै उसका

अन्तरमनका आकाङ्क्षा, भावनात्मक उथलपुथल, प्रेमबोध तथा उमेरअनुरूप विकसित हुने आकर्षणलाई स्वाभाविक र यथार्थपरक ढङ्गमा अभिव्यक्त गरेको छ । यस उपन्यासले विशेष रूपमा दलित अस्तित्वप्रति उच्चवर्गीय समाजको द्वैध मानसिकतालाई प्रभावकारी रूपमा उजागर गरेको छ । यसमा जहाँ दलितको श्रम र शारीरिक क्षमताको उपयोग स्वीकार्य हुन्छ, तर उसकै स्पर्श भने अपवित्र ठानिन्छ । यस प्रकारको विरोधाभासी सोचले सामाजिक संरचनाभित्र गहिरो रूपमा जरा गाडेको जातीय विभेद र सांस्कृतिक वर्चस्वलाई सङ्केत गरेको देखिन्छ । यहाँ दुलारीले देखेको र भोगेको थारु जिम्दारको सामाजिक संरचनागत प्रभुत्व र आफ्नै गरिब मुसहर समुदायबीचको तुलनात्मक चित्रणले वर्गीय र जातीय अन्तरको तीव्रता स्पष्ट पारेको छ । यस उपन्यासमा दुलारी, गिरहत, गिरहतनी, चन्द्रु, दुलारीकी आमा–बुबा तथा बढ्की माईजस्ता पात्रहरू स्वाभाविक जीवनानुभवका प्रतिनिधिका रूपमा प्रस्तुत भएका छन्, जसले निम्नवर्गीय तथा सीमान्तकृत समुदायको सामूहिक यथार्थको चेतनालाई बोकेका छन् । उनीहरूको जीवनमा युगौँदेखि न्याय, समानता र अवसरको अभाव रहेको छ । कथित उच्चजातीय उत्पीडनले उनीहरूको अस्तित्वलाई निरन्तर दमन र अभावको चक्रमा बाँधेर राखेको छ । यस उफन्यासमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक संरचनासँग गाँसिएका अन्धविश्वास र शक्ति–सन्तुलनले निर्माण गरेको शोषणको बहुआयामिक चत्रलाई गहिरो रूपमा प्रस्तुत गरिएको छ । यही सामाजिक संरचनागत असमानताले दुलारीको चन्द्रुप्रतिको एकतर्फी प्रेममा समेत प्रभाव पारेको छ । यहाँ चन्द्रु प्रभुत्वशाली वर्गको प्रतिनिधि हो । उसले दुलारीप्रति प्रेमिल नभई जबरजस्ती स्वामित्व स्थापित गर्ने प्रवृत्ति देखाएको छ । उसले दुलारीमाथि बलात्कारको प्रयासमार्फत आफ्नो सामाजिक वर्चस्वलाई शारीरिक रूपमा अभिव्यक्त गर्न खोजेको छ । उसको यस कार्यबाट जातीय र लैङ्गिक दुवै प्रकारको शोषणलाई एकैसाथ उजागर गरेको छ । यहाँ दुलारीले चन्द्रुको उक्त हिंसात्मक प्रयासको प्रतिरोध गर्छे तर उसको प्रतिरोध पूर्ण रूपमा बाहिरी विद्रोहमा रूपान्तरण हुन सकेको छैन । यहाँ उसका मनमा उठ्ने विद्रोहका प्रश्नहरू सामाजिक संरचनाले सिर्जना गरेको भय, असुरक्षा र शक्तिहीनताका कारण मुखर हुन सकेका छैनन् । यस अवस्थाले उच्चजातबाट भएको निम्नजातीय नारीको जातीय र लैङ्गिक दोहोरो उत्पीडन रहेको देखाइएको छ । यसरी यहाँ कथित उच्चजातीय पुरुष पात्रले आफ्नो दम्भ र प्रभुत्वका आधारमा शारीरिक तथा मानसिक शोषणलाई वैध ठान्ने मानसिकता प्रदर्शन गरेको छ । यस कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> खाटबाट उठेर चन्द्रु मेरो छेउमा आयो । मेरो हात समातेर एकछिन बस् भन्यो । मैले नाइँ भन्न सकिनँ । उसले आफ्नो दुइटै हातले मेरो जीउलाई बेर्‍यो । मेरो हातबाट एलबम भुइँमा झर्‍यो । म डराएँ । उसको स्पर्शले मेरो पूरै जीउका नसाहरू सलबलाउन थाले । मुटु ढुकढुक हुन थाल्यो ।
>
> चन्द्रु यी कथि करै चिही ? हमरा छोर । (चन्द्रु यो के गरेको ? मलाई छोड् ।) मैले उसको हात फुकाउँदै भनेँ ।
>
> कथि ले लाज है छौ ? (किन लजाएकी ?)
>
> उसले मलाई झन् कसेर समात्यो । बोकेर खाटमा लग्यो । मैले बल लगाएर आफूलाई फुत्काउन खोज्दै भनेँ, हम यी सब नै करबौ । हमरा छोर । (म यो सब गर्न सक्दिनँ । मलाई छोड् ।)
>
> मैले उसको हात फुकाउन सकिनँ । उसको विरोध गर्न सकिनँ । ऊ मेरो जीउमाथि खप्टियो । धेरै साहसको साथ उसको अनुहारतिर हेरेँ । झ्याप्प दाह्री जुँगा भएको उसको अनुहारमा विजयभाव झल्किरहेको थियो । त्यसमा कुनै प्रेम, स्नेह त कदापि देख्न सकिन मैले । थिए त केवल बासनाले चम्केका आँखा । त्यस्तो कुरूप आँखा मैले त्यसअघि कहिल्यै देखेको थिइनँ । म चिच्याइरहेकी थिएँ । मेरा आँखाबाट लाचारीका आँसु तरतर बगिरहेका थिए । (पृ. २६९)

उल्लिखित उद्धृतांशले यस उपन्यासभित्र जातीय र वर्गीय संरचनासँग अन्तर्सम्बिन्धित नारीसमस्यालाई गहिरो रूपमा उद्घाटित गरेको छ । यहाँ महिलामाथि हुने उत्पीडन केवल लैङ्गिक सिमानाभित्र सीमित नभई, जातीय र आर्थिक शक्तिसम्बन्धसँग गाँसिएको बहुस्तरीय दमनका रूपमा प्रस्तुत भएको छ । यस उपन्यासमा अन्तरजातीय प्रेम, विवाहको असमानता, पितृसत्तात्मक संरचनाबाट सञ्चालित दोहोरो शोषण, यौनहिंसा, घरेलु अत्याचार तथा महिलाद्वारा नै पुनरुत्पादित पितृसत्तात्मक मूल्य–मान्यताहरू पनि सामाजिक यथार्थका रूपमा चित्रित छन् । यहाँ दुलारीको युवावस्थामा प्रवेशसँगै विकसित हुने शारीरिक आकर्षणलाई प्रभुत्वशाली वर्गका पुरुषद्वारा शोषणको आधार बनाइएको छ । चन्द्रु स्थानीय जमिनदार वर्गको प्रतिनिधि हो र उसले दुलारीप्रति वास्तविक भावनात्मक सम्बन्ध स्थापना नगरी प्रेमको आवरणमा उसमाथि यौनअधिकार स्थापित गर्न खोजेको छ । यसरी प्रेमको नाटकभित्र लुकेको उसको हिंसात्मक अभिप्रायले उसमा निहित पितृसत्तात्मक मानसिकताको गहिरो स्वरूप उजागर गरेको देखिन्छ । यहाँ दुलारीमाथि हुने बारम्बारको यौनहिंसा केवल व्यक्तिगत अपराध नभई, संरचनागत शक्ति–असन्तुलनको प्रतिफल हो, जहाँ धनी–गरिब तथा उच्च–निम्न जातीय विभाजनले प्रतिरोधका सम्भावनाहरूलाई नै अवरुद्ध बनाइदिएको पाइन्छ । यहाँ चन्द्रुको बलात्कारको दुलारीले आन्तरिक रूपमा प्रतिवाद गर्ने चेतना विकास गर्न खोज्छे तर सामाजिक संरचनाले सिर्जना गरेको भय, असुरक्षा र शक्तिहीनताको अवस्थाले उसको प्रतिरोधलाई प्रभावकारी अभिव्यक्तिमा रूपान्तरण हुन दिँदैन । यसले निम्नजातीय महिलाको अवस्थालाई उत्पीडित जातीय र लैङ्गिक अवस्थाको सन्दर्भमा हेर्न सकिन्छ । यहाँ दुलारीले मुसहर समुदायकी आर्थिक रूपमा निर्बल र सामाजिक रूपमा सीमान्तकृत पात्र भएकै कारण चन्द्रुजस्तो प्रभुत्वशाली पात्रविरुद्ध उभिन नसक्ने अवस्थाको प्रतिनिधित्व गरेकी छे ।

उल्लिखित उद्धृतांशले नेपालको तराई क्षेत्रमा विद्यमान धनी जमिनदार (गिरहत) वर्ग र गरिब मुसहर समुदायबीचको असमान, दमनकारी र तिरस्कारपूर्ण सम्बन्धलाई पनि स्पष्ट पारेको छ । यहाँ जातीय विभेद मात्र प्रमुख विषयवस्तु नभई वर्गीय असमानता र त्यसबाट उत्पन्न शोषणको चक्र पनि समान रूपमा रहेको छ । सामन्ती हिन्दु सामाजिक संरचनामा आधारित वर्णवादी मान्यताले मानिसबिच छुवाछुत, विभेद र शोषणलाई वैधता दिएको अवस्थालाई यस उपन्यासले दुलारीलगायत अन्य पात्रमार्फत जीवन्त रूपमा चित्रण गरेको छ । यसरी यस उपन्यासले जातीय तथा वर्गीय उत्पीडनबाट मुक्ति सहज रूपमा सम्भव नहुने, त्यसका लागि सङ्घर्ष, चेतना र प्रतिबद्धता अपरीहार्य हुने निष्कर्ष प्रस्तुत गरेको छ । यहाँ दुलारीको चन्द्रुबाट भएको बलात्कारको असफल प्रतिरोधले तत्कालीन सामाजिक संरचनाको कठोरता र समाज परिवर्तन नहुने कुरा देखाएको छ । यहाँ दुलारीजस्ता निम्नजातीय पाक्र मुक्तिचेतनाको आवश्यकताबोध गरिरहेका छन् भन्ने कुरा पनि सङ्केत गरिएको छ ।

प्रस्तुत उपन्यासमा मुसहर समुदायकी नारी पात्र दुलारी गाउँकै सामन्तबाट पटकपटक बलात्कारमा परेकी छे । ऊ रातसाँझ समाजमा एक्लै हिँड्न सक्ने अवस्थामा पनि देखिन्न । उसलाई एक्लै पायो कि सामन्त चन्द्रुले शारीरिक हातपात गरिहाल्छ । यस कुरालई उपन्यासमा दुलारीका यी भनाइले पुष्टि गरेका छन् ः

> मैले चिच्याएको आवाज कसले पो सुन्थ्यो र ! गाउँभरि नाचको

> आवाज माइकमा घन्किरहेको थियो । म चिच्याएको सुनेर हात समात्ने मान्छेले भन्यो, 'चुप हो मुसहरनी। हम चियै । (चुप लाग् मुसहरनी । म हुँ)' त्यो मान्छेको आवाज मैले चिने जस्तो लाग्यो । तापनि डरले मेरो मुटुको कम्पन्न बेसरी बढ्यो । म डराएको देखेर उसले भन्यो, 'म चन्द्रु हुँ ।'
>
> कथिले हमर हात पकरलही ? (किन मेरो हात समातेको ?)
>
> चुम्मा दे । (म्वाइँ दे ।) उसको कुरा सुनेर म डराएँ ।
>
> हम नै सकबौ । हम ओहेन काम नै करबौ (म सिक्दनँ । म त्यस्तो काम गर्दिनँ ।) सङ्कोच मान्दै मैले उसको हातबाट आफ्नो हात फुत्काउँदै भनेँ । उसले आफ्नो हात मेरो वक्षस्थलतिर सार्न थाल्यो । (पृ. १७६)

प्रस्तुत उद्धृतांशमा गाउँमा भएको धुमरा नाँच हेरेर साँझमा घर फर्कने क्रममा दुलारी सामन्त चन्द्रुको पाशमा परेकी छे । उसले आफ्नो सतीत्व बचाउन सकेकी छैन । यहाँ चन्द्रुजस्ता सामन्तका छोरा आवाराहरूबाट युवती तथा महिलाहरूले जोगिन नसकेको देखिन्छ । यहाँ चन्द्रुको बलात्कारप्रयासको दुलारीले प्रतिवाद गर्न सकेकी छैन । यसमा दुलारीको भय र असुरक्षाको मनोविज्ञान प्रस्तुत भएको छ । यहाँ उसको असहाय अवस्था र सामाजिक एक्लोपनलाई देखाइएको छ । गाउँभरि नाचगानको हल्ला चलिरहेकाले उसको पीडा कसैले सुन्दैन । माथिको सन्दर्भले उसको मानसिक त्रास, डर र असुरक्षालाई जीवन्त बनाएको छ । ऊ सामाजिक रूपमा कमजोर वर्गकी महिला भएकाले आफू सुरक्षित छैन भन्ने चेतना उसमा तीव्र भएको छ । यहाँ चन्द्रुले 'चुप हो मुसहरनी' भनेको संवादमा केवल सम्बोधन मात्र छैन, त्यसमा सामन्तको हेपाहा मानसिकता र शक्ति प्रदर्शन लुकेको छ । पुरुष पात्र चन्द्रुले आफूलाई शक्तिशाली ठानेर महिलाको इच्छा र असहमतिको बेवास्ता गरेको छ । यहाँ चन्द्रुको व्यवहार पुरुषसत्तात्मक मानसिकताको प्रतिनिधि हो । उसले महिलाको इच्छा, अनुमति वा संवेदनालाई महत्त्व दिएको छैन । यहाँ 'उसले आफ्नो हात मेरो वक्षस्थलतिर सार्न थाल्यो' भन्ने सन्दर्भले पुरुषको कामुकता, अधिकारवादी सोच र नारी शरीरलाई उपभोगको वस्तु ठान्ने प्रवृत्तिलाई देखाएको छ । यसरी यस अंशले मधेसको ग्रामीण समाजमा दलित तथा निम्नवर्गीय महिलामाथि हुने यौनउत्पीडन, नारी असुरक्षा, पुरुषसत्तात्मक मानसिकता र वर्गीय विभेदलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ ।

## सामाजिक प्रभुत्व र अधीनस्थता

नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी संरचनामा कथित उच्चजातबाट निम्नवर्ग र निम्नजातका मानिसहरू जीवनका सबै पक्षबाट तिरष्कृत, उपेक्षित, अपमानित र शोषित भएको अवस्था विद्यमान रहेको छ । उच्चजात भनिएकाले निम्नजात भनिएका माथि प्रभुत्व र अधीनस्थता कायम गरी आफ्नो स्वार्थपूर्ति गरेको छ (पोखरेल, २०८०, पृ. १७२) । दुलारी उपन्यासमा मुख्य नारी पात्र दुलारी सदालाई मुसहर समुदायकी छोरीका रूपमा केन्द्रीय पात्र बनाइएको छ । यस उपन्यासमा दुलारीका माध्यमबाट तराईको अति सीमान्तकृत जनजीवनको बहुआयामिक चित्र प्रस्तुत गरिएको छ । आर्थिक अभाव र सामाजिक बहिष्करणबीच हुर्किएकी दुलारीको दैनिकी हातमुख जोर्नसमेत कठिन हुने यथार्थसँग गाँसिएको छ । यस अवस्थाले उसको अस्तित्वलाई प्रारम्भदेखि नै अभाव र असमानताको घेराभित्र राखेको देखिन्छ । गरिब पारिवारिक संरचनाभित्र मामाको सत्रियता र आमाको सहमतिका कारण उसले विद्यालय हुँदै क्याम्पससम्म अध्ययन गर्ने अवसर प्राप्त गरेकी छ । यसबाट सीमान्तकृत वर्गभित्रै पनि सम्भावनाका साना द्वारहरू खुल्न सक्ने सङ्केत भएको छ । किशोरावस्थाबाट युवावस्थातर्फको सङ्क्रमणसँगै दुलारीको मनोवैज्ञानिक र जैविक रूपान्तरण स्वाभाविक ढङ्गले अभिव्यक्त भएको छ । उसमा देखिने चञ्चलता, आकर्षणबोध र जिज्ञासा मानवीय विकासक्रमकै हिस्सा हुन् तर यही अवस्थालाई प्रभुत्वशाली वर्गका पुरुष पात्रहरूले शोषणको अवसरका रूपमा हेर्ने प्रवृत्तिलाई यस उपन्यासमा आलोचनात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासमा गिरहत पुत्र चन्द्रुद्वारा दुलारीमाथिको शारीरिक आत्रमण र हिंसासमेतको अमानवीय व्यवहार पितृसक्तात्मक तथा जातीय वर्चस्वको संयुक्त अभिव्यक्ति हो । यस्तो परिस्थितिमा पनि दुलारीभित्र देखिने भावनात्मक द्वन्द्व, आकर्षण र भयबीचको तानातानको अवस्था मानसिक जटिलताको प्रस्तुति हो । यस उपन्यासमा कथित उच्चजातबाट दुलारी सामाजिक रूपमा अछुत ठहरिएकी र निरन्तर अपमान सहन बाध्य पात्र हो । उसमा विकसित विचारगत परिपक्वता र परिस्थितिजन्य सजगता उसको आत्मरक्षात्मक चेतनाका प्रमुख आधार बनेका छन् । यही चेतनाका कारण ऊ चन्द्रुको सम्भावित यौनशोषणको सिकार हुनबाट केही हदसम्म जोगिन सक्षम देखिन्छे । यसले यस उपन्यासमा निम्नवर्गीय महिलाको असहायता र निरुपायता मात्र होइन, उनीहरूभित्र निहित प्रतिरोधको सम्भावनालाई पनि सङ्केत गरेको देखिन्छ । यसप्रकार दुलारी उपन्यासले एउटी नारी पात्रको व्यक्तिगत जीवनकथामार्फत समग्र मुसहर समुदायमाथिको उच्चजातीय उपेक्ष्ाा, सामाजिक बहिष्करण र निरन्तर सङ्घर्षको सामूहिक अवस्थालाई दर्साएको छ । यहाँ दुलारीको उच्चजातीय हिंसाको अनुभव केवल व्यक्तिगत नियति नभई सीमान्तकृत वर्गको संरचनागत यथार्थको प्रतिनिधि अभिव्यक्ति पनि हो । तराईमा कथित उच्चजातीय गिरहत समुदायबाट उत्पीडित मुसहर, डुम, दुलारी र उसका परिवारको गरिबीलाई यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

> जीवनको मोल नै भोकमरी हो भने यस्तो जीवन कसलाई बाँच्न मन लाग्छ ?  मर्न पनि त्यति सजिलो थिएन । बाउ र माईको जीउ दुब्लाएको देखिन्थ्यो । गिरहतनीले भाइ र मलाई खान दिएको भातको थाल लिएर घर आउँथ्यौँ । बाउ र माईलाई आधाआधा गरी भात खान दिन्थ्यौँ । बाउ र माई हाम्रो भागको थोरै भात खाएर पेट टन्न भरिने गरी पानी पिउँथे । मेरो झुपडीमा मात्र होइन, सबैको झुपडीमा यस्तै समस्या थियो ।
>
> एक टुक्रा कालो बादल लाग्दा आकाश नै कालो देखेझैँ तराईको सदावहार अन्न भण्डारको सगरमा सदा परिवारहरू निर्मल र सफा आकाशको एक टुक्रा बादल नै थिए । विभिन्न किसिमका अन्न, फलफूल, साग, तरकारी उब्जिने ठाउँमा सदाहरूसँग भने केही थिएन । यस्तो लाग्थ्यो, सदा समुदाय तराईको रमझम र उज्यालो दिनको एक टुक्रा अभिशाप हो । (पृ. १५०)

प्रस्तुत उद्धृतांशले नेपालको तराईका सदा (मुसहर) र डुम समुदायको जीवनस्थितिलाई चरम अभाव, भोक र सामाजिक अपमानसँग गाँसिएको तत्कालीन सामाजिक संरचनालाई प्रस्तुत गरेको देखिन्छ । यहाँ दुलारीका अभिभावकसमेत न्यूनतम पोषणबाट वञ्चित भई जीविकोपार्जनका आधारभूत साधनसम्म पहुँचविहीन भएका छन् । यसका कारण उनीहरू कथित उच्चजातीय गिरहतद्वारा प्रदान गरिएको जुठो–पुरोमै आश्रित हुन बाध्य भएका छन् । उनीहरूको यस्तो अवस्थाले मुसहर समुदायको केवल आर्थिक विपन्नता मात्र होइन, मानवीय गरिमा र महत्त्वको अवमूल्यनलाई पनि सङ्केत गरेको छ । यस प्रसङ्गबाट परम्परागत वर्णव्यवस्थाले निर्देशित सामन्ती संरचनाभित्र रहेको असन्तुलित जातीय शक्तिसम्बन्ध उदाङ्गो भएको देखिन्छ । यहाँ प्रभुत्वशाली गिरहत वर्गले समाजका सामाजिक, आर्थिक तथा सांस्कृतिक स्रोतहरूमाथि नियन्त्रण कायम राखेकाले उत्पादनका साधन, श्रमको मूल्याङ्कन र वितरण प्रणालीसमेत उनीहरूकै पक्षमा केन्द्रित रहेको देखिन्छ । यसको प्रत्यक्ष परिणामस्वरूप मुसहर र डुमजस्ता निम्नजातीय समुदायहरू निरन्तर उत्पीडन, बहिष्करण

र परनिर्भरताको चक्रमा फस्न बाध्य भएका छन् । यस उपन्यासमा अन्न, फलफूल र कृषिजन्य स्रोतले समृद्ध तराई भूभागमै प्राकृतिक तथा मानवीय संसाधनको असमान पहुँचको चित्रण गरिएको छ । यहाँ उच्चजातीय वर्ग प्रशस्त उत्पादनको उपभोग गरिहेको छ तर त्यहीँ सदा समुदाय न्यूनतम जीवनाधारबाट समेत वञ्चित भएको छ । यसले उक्त समाजमा वर्गीय र जातीय विभाजन कसरी परस्पर सुदृढ भई संरचनागत असमानतालाई स्थायी बनाइरेको छ भन्ने कुरालाई देखाएको छ । ऊक्त समाजमा विद्यमान यस्तो असन्तुलित शक्ति–सन्तुलनले समाजभित्र अन्तरसम्बन्धलाई सहअस्तित्वको आधारमा नभई शत्रुतापूर्ण र दमनकारी ढाँचामा रूपान्तरित गरेको देखिन्छ । फलतः दुलारीको परिवारजस्ता निम्नजातीय पात्रहरूको जीवन निरन्तर कष्टकर, असुरक्षित र अधीनस्थ अवस्थामा सीमित रहेको देखाइएको छ । माथि प्रस्तुत अंशले तराईको बाह्य समृद्धि र उज्यालोपनभित्र लुकेको सीमान्तकृत समुदायको अन्धकारपूर्ण यथार्थलाई उजागर गर्दै उक्त उज्यालो नै उनीहरूका लागि विडम्बनापूर्ण अभिशापमा परिणत भएको सन्देश प्रवाह गरेको छ । उल्लिखित अंशले यस उपन्यासभित्र त्रियाशील वर्णव्यवस्था, जातिवादी मानसिकता र स्थानीय सत्ता–संरचनाले कसरी सामाजिक सम्बन्धको रूपरेखालाई निर्देशित गर्छन् भन्ने कुरा देखाइएको छ । यहाँ परम्परागत मान्यता र प्रभुत्वमुखी सक्तासम्बन्धले सामाजिक जातीय शक्तिसन्तुलनलाई निरन्तर विकृत बनाइरहेको छ । यस उपन्यासमा विशेषतः उत्पादनका साधनमाथि उच्चजातीय नियन्त्रण तथा ज्ञान र संस्कारमाथिको वर्चस्वले सामाजिक संरचनालाई एकपक्षीय बनाउँदै निम्नजातीय समुदायलाई निर्णयात्मक भूमिका निर्वाह गर्नबाट वञ्चित गरेको छ ।

प्रस्तुत उपन्यासमा निम्नजातीय पात्रहरूको प्रतिरोध क्षीण हुनु उनीहरूको कमजोरी नभई सामाजिक संरचनागत अवरोधको परिणाम हो । यहाँ उच्चजातीय वर्गले जातीय विभेद र दमनलाई नै सामाजिक प्रतिष्ठा र आर्थिक सुदृढीकरणको साधनका रूपमा प्रयोग गर्ने प्रवृत्तिले वैरभावपूर्ण अन्तरसम्बन्धलाई थप संस्थागत बनाएको देखिन्छ । यसले समाजभित्र जातिबीच रहेको सहअस्तित्वको सम्भावनालाई कमजोर पार्दै प्रभुत्व र अधीनस्थतालाई बढावा दिएको छ । यहाँ बिल्टौनको विवाहको प्रसङ्ग यस असमान संरचनाको सूक्ष्म तर सशक्त उदाहरणका रूपमा प्रस्तुत भएको छ । उक्त बिहेमा दुलारी र उसको परिवारलाई सामाजिक सहभागिताबाट वञ्चित गरिनु तथा उनीहरूलाई अलग्गै राखेर भोजन गराइनु केवल व्यवहारगत विभेद मात्र नभई सांस्कृतिक रूपमा वैध ठानिएको बहिष्करणको चरम अभ्यास पनि हो । यस्तो अभ्यासले उच्च र निचको अवधारणामार्फत मानवीय सम्बन्धलाई नै श्रेणीगत रूपमा विभाजन गर्छ । यसबाट निम्नजातीय समुदायको आत्मसम्मान र सामाजिक पहिचानलाई निरन्तर खुम्च्याउने काम हुन्छ । यस उपन्यासमा चित्रित जातीय शक्तिसम्बन्धको असन्तुलन केवल आर्थिक वा सामाजिक तहमा मात्र सीमित छैन; यो तत्कालीन समाजको सांस्कृतिक र मनोवैज्ञानिकतासम्म फैलिएको देखिन्छ । यस्तो अवस्थाबाट निम्नजातीय पात्रहरू दीर्घकालीन रूपमा अधीनस्थ अवस्थामा सीमित रहन बाध्य पारिएका छन् । यस प्रकारको शत्रुतापूर्ण जातीय सामाजिक संरचनाले समाजमा समानता, न्याय र सहअस्तित्वका मूल्यहरूलाई कमजोर पारेको छ । यस उपन्यासमा उच्चजात भनिएका बिल्टौनजस्ता सामन्तको अधीनस्थता र वर्चस्व भएको तत्कालीन सामन्तवादी विमर्शात्मक संरचना भएको समाजमा कथित उच्चजातिका मानिसबाट कथित निम्नजातिका दुलारी र उसका परिवारका मानिसले भौतिक, मानसिक र शारीरिक हिंसा र यातना सहन बाध्य हुनुपर्ने सांस्कृतिक विमर्श तत्कालीन समाजमा व्याप्त रहेको यथार्थलाई यसरी देखाइएको छ ः

> म पनि ती केटीहरूको पछि लागेँ तर मलाई माईले रोकिन्, तोहे नै जाई । समान छुबाई तै त गिरहतनी के मुह से गाइर सुनबिही । (तँ नजा । सामान छोड्यो भने बेकारमा गिरहतनीको मुखबाट गाली सुन्नुपर्छ ।)
>
> माईको कुराले मैले आफ्नो पाइला पछाडि सारेँ । मेरो मन खिन्न भयो तापनि म खुसी हुने बहाना गरिरहेँ । घरदेखियाहरूको बिनो (खाना खुवाउने बेला) भयो । घरदेखियाहरूलाई घरभित्र खाना खान खुवाउन बसाए । जरना (दाउरा) चिर्दा–चिर्दा हामीलाई पनि भोक लागेको थियो । गिरहतनीले हामीलाई पनि 'खाना खान' भनिन् । माईले बारीबाट केराको पात काटेर ल्याइन् । केराको पातलाई चार टुक्रा बनाइन् । म, माई, बाउ र भाइ चारै जना केराको पात ओछ्याएर आँगनमा बस्यौँ ।
>
> हामीलाई सबैसँग कुरा गर्दै खान र पिउन मन लाग्थ्यो तर हाम्रो भाग्यमा कहाँ थियो र ? भोजभतेरमा पनि सबैको आँखा अगाडि अपमानित तरिकाले आँगनमा छुट्टै बसेर खानुपर्थ्यो । हाम्रो मन भारी थियो । मनभरि पीडा थियो तापनि सबै कुरा र परिस्थितिलाई सहेर बस्नुपर्ने हाम्रो बाध्यता थियो । राम्रो घरमा म किन जन्मिनँ ? भोजभतेरमा गिरहतहरूले हामीलाई किन छुट्टै खाना खान बसाउँथे ? हामी किन अपमानित हुनुपर्ने ? के हाम्रो पनि मन छ भनेर गिरहतहरू कहिल्यै सोच्थे ? (पृ. २२७–२२८)

प्रस्तुत उद्धतांशले तराईका मुसहर–डुम समुदायको जीवनमा गाँसिएको चरम अभाव, बहिष्करण र निरन्तर सङ्घर्षलाई सामाजिक विमर्शात्मक संरचनागत सन्दर्भमा व्याख्या गरेको देखिन्छ । दुलारीको परिवारजस्ता निम्नजातीय समूहहरू कथित उच्चजातीय वर्गद्वारा केवल आर्थिक रूपमा मात्र होइन, सामाजिक र सांस्कृतिक रूपमा पनि तिरस्कृत भएका छन् । विवाहजस्तो सामुदायिक उत्सवमा उनीहरूलाई सहभागी हुन नदिनु, छुवाछुतको कठोर अभ्यासमार्फत अलग्गै राख्नु र केराको पातमा खाना खान बाध्य पार्नु जस्ता सबै व्यवहारहरू सामाजिक मर्यादाक्रमलाई वैध ठह्याउने औजारका रूपमा नै रहेका देखिन्छन् । यस्तो विभेदले मानवीय सम्बन्धलाई नै श्रेणीगत रूपमा विभाजित गर्दै निरन्तर ह्रास गराएको छ । यस उपन्यासमा बिल्टौन परिवार र दुलारीको परिवारबीचको सम्बन्ध यस्तै असमान शक्तिसंरचनाको प्रतिरूप हो, जहाँ उच्चजातीय प्रभुत्वले निम्नजातीय अस्तित्वलाई अधीनस्थ बनाइराख्छ । यहाँ सामन्ती विमर्शात्मक संरचनाभित्र उच्चजातीय वर्गले आफ्नो प्रभुत्व कायम राख्न विभेद, दमन र थिचोमिचोलाई सामान्यीकृत गरेको छ । फलतः निम्नवर्गीय तथा निम्नजातीय समुदायहरू सामाजिक पहुँच, स्रोत र अवसरबाट वञ्चित भएका छन् । यसले उनीहरूको जीवनलाई भय, असुरक्षा र निर्भरताभित्र सीमित पारेको छ । यस उपन्यासले उच्च र निम्नजातीय पात्रहरूबीचको अन्तःसम्बन्धलाई केवल व्यक्तिगत व्यवहारको परिणामका रूपमा मात्र नभई, ऐतिहासिक रूपमा निर्मित विमर्शात्मक संरचनाको उपजका रूपमा प्रस्तुत गरेको छ । यहाँ प्रभुत्वशाली वर्गको ज्ञान र शक्तिमाथिको एकाधिकारले सामाजिक मूल्यमान्यताहरूलाई आफ्नो पक्षमा ढाल्दै जातीय शोषणलाई वैधता प्रदान गरेको छ । यसको परिणामस्वरूप दुलारीको परिवार र गाउँका अन्य सीमान्तकृत पात्रहरू चरम उत्पीडन, दमन र शोषणको चक्रमा फसेका देखिन्छन् । प्रस्तुत सन्दर्भले सामन्ती समाजमा जातीय विभेद कसरी संस्थागत भई सामाजिक अन्तःसम्बन्धलाई शत्रुतापूर्ण बनाउँछ भन्ने कुरालाई गहिरो रूपमा उद्घाटन गरेको छ । यसले सीमान्तकृत समुदायको पीडा र प्रतिरोध–अभावको यथार्थ मात्र होइन, सामाजिक न्याय र समानताका लागि आवश्यक संरचनागत परिवर्तनको अनिवार्यतालाई पनि देखाउन खोजेको छ ।

## जातीय व्यवस्थाभित्रको शोषण र उत्पीडन

जातीय शोषण र उत्पीडन केन्द्रमा रहेको समाजमा कानुनको प्रयोग र सजायको निर्धारण पनि जातिसापेक्ष नै हुन्छ । कथित उच्चजातिले

DOI:10.3126/tuj.v41i1.93660

निम्नजातलाई अनेक जालझेल र षड्यन्त्र गरी निर्दोषभित्र दोषी र निरपराधीभित्र अपराधी करार गर्दछ (पोखरेल, २०८०, पृ. २५३) । दुलारी उपन्यासमा दलित नारी दुलारीलाई माध्यम बनाएर तराईको सीमान्तकृत मुसहर समुदायको आवाजलाई बाहिर ल्याउने प्रयत्न भए तापनि त्यो आवाज संरचनागत र सामाजिक रूपमै विद्रोही बन्न नसकेको पक्षलाई औँल्याइएको छ । यहाँ दुलारीको अनुभवमार्फत उत्पीडन, विञ्चतीकरण र अपमानका अनेक आयाम उद्घाटित भएका छन् । यहाँ दुलारीले आफ्नो समुदायभित्र गहिरो गरी जमेको उच्चजातीय केन्द्रीकृत मानसिकतालाई भत्काउने सशक्त वैचारिक हस्तक्षेप भने गर्न सकेको देखिँदैन । उसको यसप्रकारको मौन स्वीकृतिले उक्त समाजमा विद्यमान अन्यायलाई सामान्यीकृत गरेको छ । यसले दलित र गरिब समुदायलाई हकअधिकारबाट टाढा राखेको छ । उसलाई संरचनागत रूपमा अधीनस्थ जीवन स्वीकार्न बाध्य पारेको पाइन्छ । यद्यपि यस उपन्यासले मुख्य पात्र दुलारीमा अन्तर्निहित आकाङ्क्षाका रूपमा समतामूलक र जातिविहीन समाजको परिकल्पनालाई सङ्केत भने गरेकै छ तर उपन्यासमा उसको विद्रोह व्यवहारगत वा संस्थागत रूपान्तरणतिर प्रकट भएको देखिँदैन । यस उपन्यासमा नेपालको तराईको ग्रामीण परिवेशमा अवस्थित मुसहर र डोम बस्तीहरूको चित्रणले त्यहाँ उच्चजातीय गिरहत वर्गको दीर्घकालीन प्रभुत्व र वर्चस्वले तत्कालीन सामाजिक संरचनालाई बाँधेको देखाइएको छ । यहाँ उत्पादनका साधन, अवसर र सामाजिक मान्यतामाथिको कथित उच्चजातीय एकाधिकारले दलित भनिएका समुदायलाई पुस्तौँदेखि शोषण र निर्भरतातर्फ धकेलेको छ । यसै संरचनाका कारण उनीहरू प्रभुत्वशाली वर्गका आदेशलाई स्वाभाविक ठानेर जीवन बिताउन विवश रहेका छन् । यस उपन्यासमा उच्चजातबाट हुने जातीय छुवाछुत, गरिबमाथिको आर्थिक दोहन, सांस्कृतिक अवमूल्यन र प्रत्यक्ष दमनजस्ता सबै शोषणका रूपहरू परस्पर गाँसिएर आएका छन् । यहाँ कथित दलित समुदायमाथिको कथित उच्चजातीय उत्पीडन कुनै एक पात्र वा परिवारमा मात्र सीमित छैन । यहाँ कथित उच्चजातीय उत्पीडन दुलारीको परिवारलगायत सिङ्गो समुदायमा नै फैलिएको छ । यसरी यस उपन्यासले मुख्य नारी पात्र दुलारीको व्यक्तिगत कथाबाट मुसहर र डोम समुदायको सामूहिक वञ्चितीकरण देखाउँदै जातीय उत्पीडनलाई व्यापक सामाजिक समस्याका रूपमा स्थापित गरेको देखाएको छ । यस उपन्यासमा गाउँको कथित सामन्त चन्द्र गिरहतका खेतमा काम गर्दा दुलारीको बाबुको खुट्टा काटिए तापनि ऊमाथि कथित साहुको उपेक्षापूर्ण व्यवहार र कथित उच्चजातीय गिरहत समुदायबाट कथित निम्नजातको मुसहर समुदायलाई पानी छुन र नुहाउनबाट वञ्चित गरिएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ ः

> मुसहरी टोलमा पनि इनार थियो । टोलको इनारबाहेक हामी कुनै इनार प्रयोग गर्दैनथ्यौँ । चौधरी (थारू) को इनारमा जाने अनुमति हामीलाई थिएन । हामीलाई गाउँबाहिरको पोखरीमा नुहाउने अनुमति पनि थिएन । मुसहरी टोलको छेउमा रवीन्द्रा डुमको छाप्रो नजिकै डबरा (सानो पोखरी) थियो । हाम्रो टोलका मान्छे त्यही डबरामा नुहाउँथे र भाँडाकुँडा माझ्थे । (पृ. २०)

> गिरहतकै खेतमा काम गर्दा खुट्टा काटिएर बाउ जीवन र मृत्युको सङ्घारमा उभिरहेका थिए । तर, गिरहतले त्यो कुरा बुझ्न सकेनन् । गराउने बेला मनपरी काम गराउने । तर, त्यही मजदुर बिरामी पर्‍यो भने पैसा छैन भनेर टालटुल गर्नु धनाढ्यहरूको बानी नै हो । (पृ. २७३)

प्रस्तुत उद्धृतांशले यस उपन्यासमा चित्रित वर्णव्यवस्थाजन्य तत्कालीन सामन्ती सामाजिक विमर्शात्मक संरचनाले जातीय शोषण र बहिष्करणलाई मुख्य आधारका रूपमा स्थापित गरेको देखिन्छ । यहाँ पानी अचल ठहर गरिएका मुसहर र डोम समुदायमाथि गिरहत भनिने कथित उच्चजातीय वर्गद्वारा गरिएको दुर्व्यवहार केवल सामाजिक स्तरको अभ्यास मात्र नभई सामाजिक संरचनागत दमनको संस्थागत रूप नै हो । यसले जातीय श्रेणीक्रमलाई स्थायी बनाउँदै निम्नजातीय समूहलाई मानवाधिकारका आधारभूत आयामहरू आवास, पानी, खाद्य तथा सामाजिक सहभागिताबाट वञ्चित गरिरहेको देखाइएको छ । यस उपन्यासमा तराईको उक्त समाजमा प्रचलित धार्मिक मान्यताहरूका आवरणभित्र सञ्चालित छुवाछुत, प्रवेश–निषेध र स्रोतमा पहुँचमाथिको नियन्त्रणले कथित उच्चजातीय प्रभुत्वलाई वैधता प्रदान गरेको देखिन्छ । यहाँ निम्नजातलाई उच्चजातका घरभित्र पस्न नदिने, इनार वा पानीका स्रोतमा छोइछिटो गर्ने तथा सामुदायिक संरचनाबाट अलग्गै राख्ने कथित उच्चजातीय अभ्यासले दलित समुदायलाई सामाजिक रूपमा अस्पृश्य, अदृश्य र निर्बल बनाएको छ । यस उपन्यासमा दुलारीको परिवारसहित अन्य मुसहर र डोम समुदायका पात्रहरू यिनै कथित उच्चजातीय बहुआयामिक प्रतिबन्ध र अपमानका प्रत्यक्ष भोक्ताका रूपमा प्रस्तुत भएका देखिन्छन् । यहाँ उच्चजातीय गिरहत वर्गले निम्नजातीय मुसहर र डोमको श्रमलाई निरन्तर उपभोग गरेका छन् तर ती श्रमिक बिरामी पर्दा वा असक्षम हुँदा उनीहरूले पूर्ण बेवास्ता गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । यसले सामाजिक श्रम–सम्बन्धलाई मानवीय सहअस्तित्वका आधारमा होइन, उपयोगितामूलक र एकतर्फी लाभका आधारमा परिभाषित गर्ने गरिएको तथ्य स्पष्ट पारेको छ । यसको परिणमस्वरूप निम्नजातीय अस्तित्व केवल उपयोगयोग्य श्रममा मात्र सीमित हुन पुग्छ । समग्रमा यस उपन्यासले तत्कालीन सामन्तवादी–वर्णवादी विमर्शात्मक संरचनालाई शोषण र उत्पीडनको मूल केन्द्रका रूपमा उद्घाटित गरेको छ । यही संरचनाले कथित दलित समुदायलाई पुस्तौँदेखि अधीनस्थ, वञ्चित र निरन्तर दमनको चक्रमा बाँधेर राखेको छ ।

## निष्कर्ष

दुलारी उपन्यासले तत्कालीन सामाजिक विमर्शात्मक संरचनाभित्र निर्मित शक्ति–सम्बन्धलाई आलोचनात्मक चेतसहित उद्घाटन गरेको छ । यस उपन्यासमा उच्चजातीय पात्रहरू मूलधारको प्रभुत्वशाली विचारधाराका संवाहकका रूपमा प्रस्तुत भएका छन् । यी उच्चजातीय पात्रहरूले प्रभुत्व र हैकममा आधारित संस्कृतिको प्रतिनिधित्व गरेका छन् । यसको विपरीत, निम्नजातीय तथा दलित समुदायका पात्रहरू दुलारी र उसका परिवार आदिले सामूहिक रूपमा उत्पीडित वर्गीय यथार्थको प्रतिनिधित्व गरेको देखिन्छ । यहाँ दलित हुनु नै निम्नवर्गीय हुनु हो भन्ने सामाजिक–सांस्कृतिक संरचनात्मक निर्माण स्पष्ट भएको छ । यहाँ तत्कालीन नेपाली समाजको सामन्तवादी संरचनाभित्र निर्मित ज्ञान र शक्तिसम्बन्धको केन्द्रमा रहेको उच्चजातीय संस्कृति ज्ञान, सत्ता र स्रोतको नियन्त्रणमा छ भने परिधीय दलित, जनजाति तथा श्रमजीवी समुदायहरू ज्ञानविहीनता र वञ्चितको अवस्थामा सीमान्तकृत बनाइएका छन् । यस उपन्यासमा तत्कालीन सामन्ती–वर्णवादी सामाजिक संरचनाभित्र निहित जातीय विभेद, शोषण र उत्पीडनको यथार्थ प्रस्तुत गरिएको छ । यस उपन्यासले विशेषतः मधेशको मुसहर र डुम समुदायको जीवनमा व्याप्त गरिबी, भोक, अपमान, छुवाछुत र सामाजिक बहिष्करणलाई जीवन्त रूपमा चित्रण गरेको छ । मुख्य पात्र दुलारीमार्फत निम्नजातीय समुदायका पीडा, असुरक्षा र अस्तित्व सङ्घर्ष देखाइएको यस उपन्यासमा दुलारीहरू कथित उच्चजातीय गिरहत वर्गको श्रमशोषण, सांस्कृतिक प्रभुत्व र सामाजिक नियन्त्रणको अधीनमा छन् । यहाँ उत्पादनका साधन र अवसरमाथिको एकाधिकारले कथित दलित समुदायलाई निरन्तर परनिर्भर र अधीनस्थ बनाएको यथार्थ उद्घाटन गरिएको छ । दलित नारीमाथि हुने दोहोरो जातीय र लैङ्गिक उत्पीडनलाई विशेष रूपमा उजागर गरिएको यस उपन्यासमा दुलारीको जीवनमा देखिने यौनहिंसा, अपमान र सामाजिक असुरक्षाले पुरुषसत्तात्मक र

सामन्ती मानसिकताको क्रूर स्वरूप प्रकट गरेको छ । दुलारीभित्र प्रतिरोध र आत्मसम्मानको चेतना देखिए पनि सामाजिक संरचनागत भय र शक्तिविहीनताका कारण उसको विद्रोह पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । दलित समुदायलाई केवल पीडित पात्रका रूपमा मात्र होइन, ऐतिहासिक रूपमा निर्मित सामाजिक संरचनाको परिणामस्वरूप उत्पीडित बनाइएको वर्गका रूपमा प्रस्तुत गरेको यस उपन्यासले जातीय असमानता, वर्गीय विभेद र सामाजिक अन्यायविरुद्ध चेतना निर्माण गर्ने सन्देश पनि दिएको छ ।

**Artificial Intelligence (AI) Use and Disclosure**

In the preparation of this manuscript, AI tools were used for some sections, with minimal or no editing.

**Similarity and Originality Confirmation**

The manuscript is original, not under review elsewhere, and complies with TUJ publication ethics.

**Conflict of Interest**

The authors declare no conflict of interest.

**Funding**

State funding sources, grants, or declare no funding received.

**Data Availability**

Data available from the corresponding author on request.

## सन्दर्भ सामग्रीसूची

आचार्य, बलराम (२०६३), सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण, नेसनल बुक सेन्टर ।

आहुति (२०६७), ‘दलित शब्दबारे भ्रम र वास्तविकता’, नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष, फिनिक्स बुक्स ।

चौधरी, मुना (२०७६), दुलारी, साङ्ग्रिला बुक्स ।

पोखरेल, गुरुप्रसाद (२०८०), सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि, कीर्तिपुर ।

पौड्याल, षडानन्द (२०७६), आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध, नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०६२), ‘दलित परिप्रेक्ष्य ः आधुनिक नेपाली आख्यानका सन्दर्भमा’, प्रलेस, १४, पृ. ७९–१२५ ।

भट्टराई, रमेशप्रसाद (२०७७), सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ, भुँडीपुराण प्रकाशन ।

रोय. अरुन्धती (२०७८), ती विद्रोही ती महात्मा अम्बेडकर–गान्धी बहस, (अनु. नरेश ज्ञवाली र विनोदविक्रम के.सी), बेला पब्लिकेसन्स ।

Barker, C. (2000). Cultural studies: Theory and practice (1st ed.). London: Sage Publications.

Foucault, M. (1977). Discipline and punish: The birth of the prison. New York: Pantheon Books.

Foucault, M. (1980). Power/knowledge: Selected interviews and other writings 1972–1977 (C. Gordon, Ed.). New York: Pantheon Books.

Hall, S. (1997). Representation: Cultural representations and signifying practices. London: Sage Publications.